## प्रुडेन्सियल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## पन्ध्रौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिका (माइन्युट)

१. **बैधानिक सभा :**

यस प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.ब. २०७२/०७३ को वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (१) बमोजिम मिति २०७३ साल चैत्र ०८ गते मंगलवार बिहानको १०:०० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना प्रकाशित गरी निम्न लिखित मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, बिषय सूची, उपस्थिति, गणपुरक संख्या, वैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, शेयरधनीहरुबाट राखिएका जिज्ञासा, सुझावहरुको सुचिकरण, प्रश्नोत्तर र सभाको निर्णयहरु समेतको काम कारवाहीको देहाय बमोजिम अभिलेख गरियो ।

२. **साधारण सभाको स्थान, मिति र समयः**

स्थान : होटल इच्छा, सिमरा, बारा ।
मिति : २०७३ साल चैत्र ०८ गते मंगलवार तद्नुसार २१ मार्च, २०१७ ।
समय : बिहानको १०:०० बजे प्रारम्भ भै अपरान्हको १२:०० बजे सम्पन्न ।

३. **साधारण सभा सम्बन्धी सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने स्थान, मिति र छलफल गर्ने बिषय सूची तथा साधारण सभा सम्बन्धी विस्तृत विवरण सहितको सूचना राष्ट्रिय दैनिक आर्थिक अभियानमा मिति २०७३/१०/२५, २०७३/११/०९, २०७३/११/२७ र २०७३/१२/०२ मा प्रकाशित गरिएको थियो ।

४. **छलफलका बिषय सूची :**

**४.१ सामान्य प्रस्ताव**

४.१.१ आ. व. २०७२/७३ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

४.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/७३ को नाफा-नोक्सान तथा आय व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

४.१.३ आर्थिक वर्ष २०७३/७४ का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.१.४ समूह (ख) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट १ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने ।

४.१.५ संचालक समितिबाट प्रस्तावित रु. ३७,३२,४०९/- नगद लाभांश पारित गर्ने । (प्रस्तावित बोनस शेयर कर प्रयोजनार्थ)

४.१.६ संचालक समितिबाट समुह (क) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालका लागि गरिएको नियुक्तिको अनुमोदन बारे ।

४.२ विशेष प्रस्ताव

४.२.१ कम्पनीको अधिकृत पूंजी रु. ५० करोडबाट वृद्धि गरी रु. १ अर्ब पुर्‍याउने ।

४.२.२ कम्पनीको जारी तथा चुक्ता पूंजी ३५ करोड ६४ लाखबाट वृद्धि गरी रु. ५५ करोड ५९ लाख ८४ हजार पुर्‍याउने ।

४.२.३ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको ३५ करोड ६४ लाख चूक्ता पूंजीको २० प्रतिशत बोनस शेयर (कर बाहेक) पारित गर्ने ।

४.२.४ विशेष प्रस्ताव नं. ३ बमोजिम बोनस शेयर वितरण पश्चात कायम हुन आउने चुक्ता पूंजीको ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने । उक्त बमोजिमको हकप्रद शेयर जारी गर्दा हकप्रद शेयरको संख्या खण्डित (Fraction) संख्यामा आएमा शेयरधनीबाट थप रकम लिई सो खण्डित शेयरलाई माथिल्लो पूर्ण अंकमा हकप्रद शेयर आवेदन गर्न पाउने गरी स्वीकृति प्रदान गर्ने र यसरी हकप्रद शेयर जारी गर्दा चुक्ता पूंजी वृद्धि हुने भएमा आगामी साधारण सभाबाट अनुमोदन गराई थप धितोपत्र नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्नका लागि स्वीकृति प्रदान गर्ने ।

४.२.५ हाल कम्पनीको शेयर संरचनामा चुक्ता पूंजीको ८० प्रतिशत स्वामित्व संस्थापक शेयरधनीको र २० प्रतिशत स्वामित्व सर्वसाधारण शेयरधनीको रहेकोमा संस्थापक शेयरको स्वामित्व ८० प्रतिशतबाट घटाई ६५ प्रतिशत कायम गरी सर्वसाधारण शेयरको स्वामित्व साविक २० प्रतिशतबाट १५ प्रतिशत बढाई ३५ प्रतिशत कायम गर्न स्वीकृति प्रदान गर्ने ।

४.२.६ विशेष प्रस्ताव नं. १, २, र ५ को व्यवस्था अनुसार प्रबन्धपत्र तथा नियममावलीको दफा ५ (क), ५ (ख) र ५ (ग) र दफा ६ (क) तथा नियमावलीको नियम ८ को २ (ख) र नियम ३१ मा (३) थप तथा संशोधन गर्ने ।

४.२.७ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्वन्धित नियमन निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक संशोधन वा फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

४.२.८ सञ्चालक समिति तथा उप समितिको वैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने सम्वन्धमा,

४.२.९ संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७३ को निर्देशन नं १२ (२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्वन्धमा ।

४.३ विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री अशोक कुमार अग्रवाल | अध्यक्ष |
| २. | श्री श्रवण कुमार अग्रवाल | संचालक |
| ३. | श्री अमित अग्रवाल | संचालक |
| ४. | श्री गणेश मान श्रेष्ठ | स्वतन्त्र संचालक |
| ५. | श्री विष्णु भण्डारी | संचालक (सर्वसाधारण शेयरधनीको तर्फवाट) |

५.२ व्यवस्थापनको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री वीरकृष्ण महर्जन | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री आनन्द बाबु खड्का | कम्पनी सचिव |
| ३. | श्री निरोज कोइराला | प्रवन्धक- वित्त |
| ४. | श्री कमल प्र. नेपाल | प्रतिनिधि, एन.एम.बि. क्यापिटल लि. |

६. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | १० | ५,४३,०१९ | १५.५१ |
| प्रोक्सीबाट | ३१ | १७,९२,५१७ | ५०.२९ |
| जम्मा प्रतिनिधित्व | ४१ | | |
| **जम्मा शेयर संख्या** | | २३,३५,५३६ | ६५.८० |

७. **सभा संचालन तथा सभाको वैधानिकता:**

७.१ **सभाको संचालन:**

सभामा सहभागी हुने शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, एवं आमन्त्रित गन्यमान्य व्यक्तिहरुलाई कम्पनीका तर्फवाट स्वागत तथा अभिवादन गर्दै मर्यादाक्रम अनुसार आशन ग्रहणका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले अनुरोध गर्नु भयो ।

७.२ **सभाको बैधानिकता:**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम ४.३ अनुसार कम्पनीको पन्धौं वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ बमोजिम कम्पनीको कुल चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्नेमा ६५.८० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ४१ जना शेयरधनीहरु उपस्थित भइसक्नु भएकोले कानूनत: सभामा गणपुरक संख्याको उपस्थिति भई सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले सभालाई जानकारी गराउनु भयो ।

८. **सभाको सभापतित्वः**
सभाको बैधानिकता घोषणा पश्चात् वार्षिक साधारणसभाको सभापतित्व गर्नका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले संचालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । सो पश्चात अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूले सभाको सभापतित्व ग्रहण गरी सभाको विधिवत् उद्घाटन गर्नुभयो ।

९. **संचालक समितिका तर्फबाट पन्ध्रौं बार्षिक प्रतिवेदन प्रस्तुति :**
सभाको पुर्व निर्धारित छलफलको बिषय नं. १ को प्रस्ताव अनुसार सभाको सभापतित्व गर्नु भएका संचालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूले संचालक समितिको तर्फबाट आ. ब. २०७२/७३ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. **छलफलका लागि आव्हान :**
आ. व. २०७२/७३ को पन्ध्रौं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश भए पश्चात् उक्त प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित आ.ब. २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह बिवरण उपर छलफल गर्न सभापतिको अनुमति लिई कम्पनी सचिवले सभामा उपस्थित इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

कम्पनीका शेयरधनी श्री पुरुषोत्तमलाल अग्रवालज्यूले कम्पनीले FPO जारी गर्ने सम्वन्धमा के कस्तो सोच बनाइरहेको छ ? भन्ने जिज्ञासा राख्दा संचालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूले आगामी दिनहरुमा कम्पनीले पूंजी बृद्धि गर्दै लैजाने क्रममा FPO लाई पनि प्राथमिकतामा राखेको जानकारी गराउनु भयो ।

त्यसैगरि, अर्का शेयरधनी श्री सुमित अग्रवालज्यूले यस कम्पनीको शाखा र शाखा विस्तारको वारेमा जिज्ञासा राख्दा संचालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूले हाल कम्पनीको शाखा ३२ वटा रहेको र आगामी दिनहरुमा अझ थप गर्दै जाने रणनीति लिएको कुराको जानकारी गराउनु भयो ।

सभाको छलफलमा शेयरधनी श्री राजेन्द्र अर्यालज्यूले कम्पनीले समिक्षा अवधिमा उल्लेख्य मुनाफा आर्जन गर्न सफल रहेकोमा धन्यवाद दिनुका साथै, आगामी दिनमा पनि उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

११. सभाको निर्णयहरु :

११.१ **संचालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।**
संचालक समितिका तर्फवाट अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७२/७३ को बार्षिक प्रतिवेदन सर्वसम्मतीवाट पारित भयो ।

११.२ **कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आषाढ ३२, २०७३ को वासलात तथा आर्थिक बर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका बित्तीय बिबरणहरु सम्बन्धमा ।**

कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाव, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित भयो ।

**११.३ आर्थिक बर्ष २०७३/७४ को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनीको आर्थिक बर्ष २०७३/७४ को लेखापरिक्षणको लागि श्री जि.पि.राजवाहक एण्ड कम्पनी (चार्टड एकाउन्टेन्टस्) लाई निम्न पारिश्रमिक दिने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र. सं. | शुल्क | २०७१/७२ (वार्षिक रु.) |
|---|---|---|
| १. | लेखापरिक्षण | २,००,०००।०० |
| २. | कर लेखापरिक्षण | ४६,६६७।०० |
| ३. | विस्तृत लेखापरिक्षण प्रतिवेदन | १७,५००।०० |
| ४. | दफा ७८ प्रमाणित शुल्क | १७,५००।०० |
| | जम्मा | २,८१,६६७।०० |

**११.४ समूह (ख) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट १ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने सम्बन्धमा ।**

निर्वाचन अधिकृत श्री बाल मुकुन्द खरेलज्यूले समूह (ख) अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री विष्णु भण्डारीज्यूलाई, संचालक पदमा अर्को ४ वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । नवनिर्वाचित संचालकद्वारा संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको प्रमाणपत्र ग्रहण गर्नुका साथै, संचालकको हैसियतले राख्नु पर्ने गोप्यता र इमान्दारीताको शपथ लिईयो ।

**११.५ संचालक समितिबाट प्रस्तावित रु. ३७,३२,४०४/- नगद लाभांश पारित गर्ने । (प्रस्तावित बोनस शेयर कर प्रयोजनार्थ)**

संचालक समितिले प्रस्ताव गरे बमोजिम रु.३७,३२,४०९/- नगद लाभांश सर्वसम्मतीबाट पारित गरियो ।

**११.६ संचालक समितिबाट समुह (क) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालका लागि गरिएको नियुक्तिको अनुमोदन बारे ।**

सञ्चालक समितिबाट समूह (क) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालको लागि नियुक्ति हुनु भएका श्री अशोक कुमार अग्रवालज्यूको नियुक्ती सर्वसम्मतीबाट अनुमोदन गरियो ।

**११.७ कम्पनीको अधिकृत पूंजी रु. ५० करोडबाट बृद्धि गरी रु. १ अर्ब पुर्याउने ।**

कम्पनीको अधिकृत पूंजी रु. ५० करोडबाट बृद्धि गरी रु. १ अर्ब पुर्याउने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**११.८ कम्पनीको जारी तथा चुक्ता पूंजी ३५ करोड ६४ लाखबाट बृद्धि गरी रु. ५५ करोड ५९ लाख ८४ हजार पुर्याउने ।**

कम्पनीको जारी तथा चुक्ता पूंजी ३५ करोड ६४ लाखबाट बृद्धि गरी रु. ५५ करोड ५९ लाख ८४ हजार पुर्याउने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

११.९ **संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको ३५ करोड ६४ लाख चूक्ता पूंजीको २० प्रतिशत बोनस शेयर (कर बाहेक) पारित गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको ३५ करोड ६४ लाख चूक्ता पूंजीको २० प्रतिशत बोनस शेयर (कर बाहेक) पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

११.१० **विशेष प्रस्ताव नं. ३ बमोजिम बोनस शेयर वितरण पश्चात कायम हुन आउने चुक्ता पूंजीको ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने । उक्त बमोजिमको हकप्रद शेयर जारी गर्दा हकप्रद शेयरको संख्या खण्डित (Fraction) संख्यामा आएमा शेयरधनीबाट थप रकम लिई सो खण्डित शेयरलाई माथिल्लो पूर्ण अंकमा हकप्रद शेयर आवेदन गर्न पाउने गरी स्वीकृति प्रदान गर्ने र यसरी हकप्रद शेयर जारी गर्दा चुक्ता पूंजी वृद्धि हुने भएमा आगामी साधारण सभाबाट अनुमोदन गराई थप धितोपत्र नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्नका लागि स्वीकृति प्रदान गर्ने ।**

विशेष प्रस्ताव नं. ३ बमोजिम बोनस शेयर वितरण पश्चात कायम हुन आउने चुक्ता पूंजीको ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने । उक्त बमोजिमको हकप्रद शेयर जारी गर्दा हकप्रद शेयरको संख्या खण्डित (Fraction) संख्यामा आएमा शेयरधनीबाट थप रकम लिई सो खण्डित शेयरलाई माथिल्लो पूर्ण अंकमा हकप्रद शेयर आवेदन गर्न पाउने गरी स्वीकृति प्रदान गर्ने र यसरी हकप्रद शेयर जारी गर्दा चुक्ता पूंजी वृद्धि हुने भएमा आगामी साधारण सभाबाट अनुमोदन गराई थप धितोपत्र नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्नका लागि स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२. **हाल कम्पनीको शेयर संरचनामा चुक्ता पूंजीको ८० प्रतिशत स्वामित्व संस्थापक शेयरधनीको र २० प्रतिशत स्वामित्व सर्वसाधारण शेयरधनीको रहेकोमा संस्थापक शेयरको स्वामित्व ८० प्रतिशतबाट घटाई ६५ प्रतिशत कायम गरी सर्वसाधारण शेयरको स्वामित्व साविक २० प्रतिशतबाट १५ प्रतिशत बढाई ३५ प्रतिशत कायम गर्न स्वीकृति प्रदान गर्ने ।**

हाल कम्पनीको शेयर संरचनामा चुक्ता पूंजीको ८० प्रतिशत स्वामित्व संस्थापक शेयरधनीको र २० प्रतिशत स्वामित्व सर्वसाधारण शेयरधनीको रहेकोमा संस्थापक शेयरको स्वामित्व ८० प्रतिशतबाट घटाई ६५ प्रतिशत कायम गरी सर्वसाधारण शेयरको स्वामित्व साविक २० प्रतिशतबाट १५ प्रतिशत बढाई ३५ प्रतिशत कायम गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सम्वन्धित निकायबाट आवश्यक स्वीकृति लिने गरी सर्वसम्मतीबाट पारित गरियो ।

१२.१ **विशेष प्रस्ताव नं. १, २, र ५ को व्यवस्था अनुसार प्रबन्धपत्र तथा नियममावलीको दफा ५ (क), ५ (ख) र ५ (ग) र दफा ६ (क) तथा नियमावलीको नियम ८ को २ (ख) र नियम ३१ मा (३) थप तथा संशोधन गर्ने ।**

विशेष प्रस्ताव नं. १, २, र ५ को व्यवस्था अनुसार प्रबन्धपत्र तथा नियममावलीको दफा ५ (क), ५ (ख) र ५ (ग) र दफा ६ (क) तथा नियमावलीको नियम ८ को २ (ख) र नियम ३१ मा (३) थप तथा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

१२.२ **कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमन निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक संशोधन वा फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२.३ **सञ्चालक समिति तथा उप समितिको बैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने सम्बन्धमा,**

सञ्चालक समिति तथा उप समितिको बैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने प्रस्तावमा संचालक समितिका अध्यक्षलाई प्रति बैठक भत्ता रु. १०,०००/- र संचालक समितिका सदस्यहरुलाई प्रति बैठक भत्ता रु. ९,०००/- गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१२.४ **संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ को निर्देशन नं १२ (२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धमा ।**

संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ को निर्देशन नं १२ (२) बमोजिम कम्पनीका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा निर्धारण गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

१३. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका सभापति श्री अशोक कुमार अग्रवालज्यूले पन्ध्रौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापूर्वक संचालन गर्न सहयोग पुऱ्याउनु भएका शेयरधनी महानुभावहरु, बुद्धिजीवी तथा विशिष्ट अतिथिहरु लगायत कर्मचारीहरुलाई धन्यवाद दिनु हुदै वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

आनन्द बाबु खड्का
कम्पनी सचिव

अशोक कुमार अग्रवाल
अध्यक्ष